**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिका**

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/१२ मिति : २०८१/०२/०२

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) प्रदेश विपद कार्यक्रम सम्बन्धमा ।

२) बजेट व्यवस्थापन (घुमाउने ताल )सम्बन्धमा ।

३) खेल मैदान निर्माण जग्ग व्यवस्थापन (वडा नं.४ ) सम्बन्धमा ।

४) आर्थिक सहायता सम्बन्धमा ।

५) महिला स्वरोजगार कार्यक्रम सम्बन्धमा ।

६) विविध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं.१ माथि छलफल गर्दा प्रदेश सरकारबाट यसै गाउँपालिका अर्न्तगत सुनाकोट देखि बैडी सम्मको मोटर बाटो मर्मत शिर्षकमा विनियोजन गरिएका रु.३० लाख रुपयाँलाई तीन खण्डमा विभाजन गरी उपभोता समिति मार्फत उक्त रकमको काम सम्पन्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं.२ माथि छलफल गर्दा घुमाउने तालको समपुरक योजना नपुग रकम रु २५ लाख मदन मोटर मार्ग शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यसै गाउँपालिका वडा नं.४ पुर्कोटमा रहेको **नवप्रवर्तन युवा क्लब खेलमैदान** लाई गण्डकी प्रदेश सरकारबाट खेल मैदान निर्माणका लागि रु.५ लाख विनियोजन गरिएको यसै गाउँपालिका वडा न.४ को च.नं.५५७ मिति २०८१।०१।२७ को पत्रबाट पनि क्लबले खेलमैदान निर्माण गर्ने स्थलमा क्लब भवन समेत बनेको र खेल मैदान निर्माणधिन स्थल जग्गामा कुनै पनि प्रकारको विवाद नरहेको व्यहोरा समेत खुलाई पत्र प्राप्त भएको हुँदा उक्त सार्वजनिक जग्गामा खेल मैदान निर्माणका लागि सिफारिस गरिदिनु हुन भनि पत्र प्राप्त भएको हुँदा योजना संचालनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | विवरण | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | अस्मिता वि.क. | घिरिङ -३ | प्रोतसाहन स्वरुप छात्रवृद्धि | २५000.00 | |
| २ | भण्टार लाखे नाच | | पोषक खरिद | ३५000.00 | |
| ३ | पशुपती श्रेष्ठ | घिरिङ -५ | घरको छाना | १२000.00 | |
| ४ | केशरी कुमाल | घिरिङ -४ | घर गोठ छाना | २0,000.00 | |
| ५ | भिम बहादुर सार्की | घिरिङ -५ | घरको छाना | १0000.00 | |
| ६ | पूर्ण बहादुर वि.क. | घिरिङ -५ | घरको छानान | १0000.00 | |
| ७ | संगिता नेपाली | घिरिङ -५ | घरको छाना | १0000.00 | |
| | | | | | |

निर्णय नं ५ प्रस्ताव नं.५ माथि छलफल गर्दा महिला स्वरोजगार कार्यक्रमका लागि स्थान छनौट गरी झोला बुन्ने तालिमका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं.६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- दोस्रो निस्दी कृषि पर्यटन सास्कृतिक तथा खेलकुद महोत्सव २०८० मा सहभागीलाई रु.३०,०००।०० अक्षरुपी तीस हजार यातायात खर्च दिने निर्णय गरियो ।
- मिति २०८१।०२।१९ गतेका दिन लायन्स कल्व पोखराबाट संचालन गरिने बृहत स्वास्थ्य शिविरमा खटिआउने पाहुनाहरुका लागि खाजा,खाना र बासको व्यवस्था पालिकाबाट गर्ने भन्ने निर्णय गरियो ।
- सरस्वती मा.वि.मा रेलिङ र छाना लगायतका थप कामका लागि रु.१ लाख ६० हजार भुक्तानी दिने निर्णय गरियो ।
- रैथाने कोदो खेति बाली उत्पादनमा आधारित अनुदान कार्यक्रम शिर्षकबाट ५० प्रतिशत अनुदानमा धानको विउ वितरण गर्ने साथै माग अनुसार विउ खरिद गर्ने निर्णय गरियो ।
- अदुवा अनुदानको रकम नियमानुसार भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- श्री जनज्योति क्याम्पस भिमादलाई दिन बाँकी रु.१ लाख ५० हजार रुपया भुक्तानी दिने निर्णय गरियो ।
- विशेष कक्षा संचालनका लागि लाभग्राहीको संख्याका आधारमा स्थान छनौट गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- प्रदेश सरकारबाट सिटीहल निर्माणका लागि विनियोजन गरिएको रकम रु ४० लाख रकमान्तर गरि गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

- टिनको छानाका लागि वडा नं.५ को एक घर धुरी र वडा नं.२ को दुई घरधुरी लागि पुरै र अन्य घरधुरीलागि बढीमा ५० प्रतिशत मात्र सहयोग गर्ने निर्णय गरियो ।
- शैक्षिक गुणस्तर सुद्धढीकरण अनुदान (विज्ञान प्रयोगशाला) का लागि श्री राष्ट्रिय मा.वि. घिरिङ -२ र कार्यसम्पादनमा आधारित प्रोत्साहन (पुस्तकालय) का लागि श्री कष्ण मा.वि.घिरिङ -१ मापदण्डका आधारमा छनौट भएको हुँदा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- राष्ट्रपति रनिङ सिल्डमा वितरण हुन छुट भएका पुरस्कारहरु वितरण प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- जिल्ला भलिवल संघको आयोजनामा भएको अन्तर पालिका स्तरिय खेलमा सहभागी गराउन घिरिङ गा.पा.बाट भलिवल खेलमा टिम सहभागी गराउने निर्णय गरियो ।
- श्री भैरव आ.वि.सूलिकोटको लागि विद्युत जडान गर्दा लागेको रु.२३०००।०० अक्षरुपी तेइस हजार मात्र आर्थिक सहायोग गर्ने निर्णय गरियो ।
- ठेक्का नं.०२/NCB/works/GRM/2078-79 अत्रौली कोल्ड स्टोर निर्माणको चरणमा हाम्रो प्राविधिक जनशक्तिको काबु भन्दा बाहिर रहेको BOQ मा उल्लेखित meenanical wst रु.९४,३०७।०० पारिश्रमिक दिने गरी मेकानिकल इन्जिनियर श्री नविन चन्द्र वाग्ले (NEC NO 5522) लाई निर्माणको चरण र DLP period सम्म आयोजनामा देखिने सम्पूर्ण मेकानिकल इन्जिनियरिङ्ग सम्बन्धी supervision गर्ने गरी र सो को पारिश्रमिक आयोजनाको ३ प्रतिशत कन्टिन्जेन्सीबाट मिलान हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।
- देउराली भित्रीबाटोमा नाला निर्माणका लागि प्राविधिक स्टीमेट अनुसार रु २ लाख ५० हजार भैपरी शिर्षकबाट रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।
- भुवान सिं सार्कीको घर जाने बाटो निर्माणका लागि  घिरिङ २ फलारेमा प्राविधिक लागत अनुमान अनुसार रु २९ हजार मात्र विपद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- औद्योगिक ग्रामको कामको भुक्तानी प्राविधिक मूल्याङ्कनको आधारमा दिने निर्णय गरियो ।
- भैरव आ.वि.सूलीकोट घिरिङ - ३ को विद्यालय भवनको छानो जिर्णभई पानी चुहिने भएकोमा जस्तापाताले छाना छाउनको लागि प्राविधिक इष्टीमेट अनुसार रु २ लाख अन्य सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- घिरिङ - १ खुमलिङ बाधकुलो,सालीग्राम करिडोर निर्माणको बेला हिम पाइप राख्दा कुलोको लेवल भन्दा माथि रहेकोले पानी खेतमा पुऱ्याउन समस्या भई खेत रोप्न नसकि बाँझो रहन गएकोले सो निर्माणको लागि पालिकाबाट सहयोग गर्ने निर्णय गरियो ।

[signature]
कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

[signature]
होम बहादुर थापा
अध्यक्ष

**बैठक संख्या: २०८०।०८१ – १२ औं**

घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।
मितिः वि. स. २०८१ साल जेठ ०२ गते बुधबार समय १०.०० बजे देखि सुरु।
अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।
स्थानः गाउँपालिका सभाहल तनहुँ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिका वडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | राष्ट्र सेवक कर्मचारीहरु | | | |
| १५ | धुवराज लामिछाने | अधिकृत | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |